स्थानीय सरकार

# हेलम्बु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं: २०७७/७८ मिति:२०७७/०४/३०
च.नं.:

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि वैदेशिक यात्राबाट फर्किएका नागरिकहरु तथा नेपाल भित्रका शंकास्पद स्थानहरुबाट आएका व्यक्तिहरुलाइ सुरक्षित गरी समुदायलाइ समेत सुरक्षित गराउने अभिप्रायले हाल नेपालमा क्वारेन्टाइनको व्यवस्था गरी अलग्गै राख्ने नीति अनुसार हेलम्बु गाउँपालिकाले पनि वडा नं १ स्थित श्री गोल्मादेवी मा.वि.मा क्वारेन्टाइन स्थापना गरी मिति २०७७/०३/०३ गतेदेखि सञ्चालनमा ल्याएको व्यहोरा सम्पुर्ण हेलम्बुबासीमा अवगत नै छ।

यसै सन्दर्भमा मिति २०७७/०४/२१ गते हेलम्बु गा.पा.-१ बाट काठमाडौं गइ मिति २०७७/०४/२२ गते RT-PCR परिक्षणका लागि नमुना संकलन गरी परिक्षण गरिएकोमा उक्त नतिजामा कोरोना पोजिटिभ देखी उक्त व्यक्ति हाल उपचारको क्रममा रहेको, उक्त व्यक्तिको नजिकको सम्पर्कमा रहेका शंकास्पद ४ जना व्यक्तिहरुको Contact Tracing गरी परिक्षणको लागि नमुना पठाइएको साथै मिति २०७७/०४/२० मा भारतबाट आएका १ जनाको पनि मिति २०७७/०४/२७ गते नमुना पठाइएकोमा आज मिति २०७७/०४/३० गते नमुना पठाइएका सबै व्यक्तिहरुको नतिजा नेगेटिभ आएको व्यहोरा सबैमा सहर्ष जानकारी गरिन्छ। यससँगै हेलम्बु गाउँपालिकाद्वारा मिति २०७७/०४/२६ गते साविक हेलम्बु गा.वि.स. वडा नं ३,४,५,६ र ७ मा गरिएको शिलबन्दी फुकुवा गरिएको जानकारी गरिन्छ।

तथापि हाल काठमाडौं लगायत देशभर कोभिड-१९ को नतिजा पोजिटिभ देखिएका व्यक्तिहरुको संख्या बढ्दै गइरहेको अवस्था रहेको र त्यसको असर हेलम्बु गाउँपालिकामा पनि पर्न सक्ने भएकोले व्यक्तिगत सुरक्षाका लागि मास्कको अनिवार्य प्रयोग, कम्तीमा पनि ३ मिटरको सामाजिक दुरी कायम गर्न तथा साबुन पानीले हात धुने लगायतका तरिकाहरु अपनाइ कोभिड-१९ को संक्रमणबाट जोगिन र समुदाय समेतलाइ जोगाउने कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण गाउँबासीहरुमा अनुरोध छ।

ज्ञानेन्द्र सिग्देल
स्वास्थ्य संयोजक

Email: helamburm@gmail.com website: helambumun.gov.np